"For Nepali, By Nepali"
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार
Non-Resident Nepali Association, National Coordination Council, Qatar
Estd: 2003

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार

## विभाग र उपसमितिहरुको काम, कर्तब्य र अधिकार सम्वन्धि नियमावली २०१७

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा ६ मा उल्लेखित उद्धेश्यहरु पुरा गर्न गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा १८.२ ले प्रदान गरेको अधिकार प्रयोग गरी गठित बिभाग र उपसमितिहरुलाई देहायका काम, कर्तब्य र अधिकार सहितको नियमहरु बनाईएको छ । यो नियमावली गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको कार्यसमितिको दोश्रो पूर्ण वैठकबाट पारित भएपछि तुरुन्त लागु हुनेछ ।

### १. महिला विभाग

क. आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई ब्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

ख. कतार लगायत खाडी मुलूकमा कार्यरत महिलाहरुको सरोकारका विषय सम्बन्धि क्रियाकलापहरु संचालन गर्ने, बैठक तथा भेलाहरु संचालन गर्ने ।

ग. महिलाहरुको स्वाबलम्बन, सशक्तिकरण, तालिम, प्रशिक्षणको आयोजना गर्ने ।

घ. राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष महिला गतिविधि सम्बन्धित अद्यावधिक विवरणहरु प्रस्तुत गर्ने ।

ङ. महिला संयोजकको अध्यक्षतामा आफ्नो मुलुक भित्र महिलाहरुको संजाल स्थापना गर्ने ।

च. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

छ. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

ज. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।

झ. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ञ. राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

ट. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

### २. युवा विभाग :

क. आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई ब्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

ख. युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने ।

ग. राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष युवा गतिविधिहरुको आद्यावधिक विवरणहरु प्रस्तुत गर्ने ।

घ. आवश्यकता अनुसार युवा संयोजकको अध्यक्षतामा आफ्नो मुलुकभित्र युवाहरुको संजाल स्थापना गर्ने

ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

च. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।

ज. प्रवासमा रहेका युवाहरुमा नेपाली कला, संस्कृति, साहित्यमा अभिरुची हुने किसिमका कार्यक्रम गर्ने साथै उद्यमशिलतालाई उजागर गर्ने किसिमका कार्यक्रम गोष्ठि, सेमिनार आदि गर्ने ।

झ. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ञ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचार संहिताको पालना गर्ने ।

ट. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

**३. संघ संस्था समन्वय समिति**

क. कतारमा स्थापित नेपालीहरुको कृयाशिल सामाजिक संस्थाहरु संग समन्वय र परामर्श गर्ने ।

ख. संघ संस्थालाई विकासे कार्यक्रमहरु संचालन गर्न सहभागितामा आधारित परियोजना निर्माण गर्न तालिम कार्यक्रमहरु आयोजना गर्ने ।

ग. समग्र संघ संस्थाको एउटा दीर्घकालिन गुरुयोजना निर्माण गरी एकद्धार प्रणालीबाट सामाजिक विकासका कार्यक्रमहरु संचालन गर्न एउटा परिचालकको रुपमा काम गर्ने ।

घ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

ङ. समितिको प्रतिवेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

च. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय समन्वय परिषदमा प्रस्तुत गर्ने ।

छ. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ज. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचार संहिताको पालना गर्ने ।

ञ. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

ट. कतारमा स्थापित सामाजिक संघ संस्थाहरु संग सुसम्बन्ध राखि सहकार्य गर्ने

ठ. कतारमा स्थापित संस्थाहरुलाई प्रोत्साहन गर्ने ।

**४. सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समिति**

क. श्रमिक समस्याहरुलाई समाधानको लागि नेपाली राजदूतावासको श्रमसहचारी वा श्रम विभाग संग समन्वय गर्ने ।

ख. श्रमिकको उद्धार तथा मद्दत गर्न सम्वन्धित पक्षको गुनासो सुन्ने संयन्त्रको ब्यवस्था गर्ने ।

ग. वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले घाइते तथा अङ्गभङ्ग भएका नेपालीहरुको उद्धार तथा सहयोगको लागी आइसीसी, नेपाल सरकार, कतार सरकारका सम्बन्धित निकायहरु तथा अन्य दाता संस्थाहरुसँग समन्वय गरेर श्रमिकको हक हितको लागि एक श्रमिक कल्याणकारी कोष स्थापना गर्नको लागि प्रयास गर्ने ।

घ. श्रमिक समस्या कानुनी परामर्श सल्लाहकार गठन गर्ने र समस्यमा परेका श्रमिकहरुको लागि कानुनी परामर्श दिने ।

ङ. नेपाली राजदुतावास कतारसंगको समन्वयमा नेपालको श्रम कानून र कतारको श्रम कानून सम्बन्धि जानकारी मूलक कार्यक्रमहरुको आयोजना गर्ने र कानुनी परामर्श सम्वन्धी मासिक कार्यक्रम संचालन गर्ने ।

च. अनलाईन कानुनी परामर्श प्रणालीको विकास गरी निरन्तर कानुनी सल्लाह तथा परामर्श दिने प्रणालीको विकास गर्ने ।

छ. कतारको नीति र परिवेशको आधारमा सुहाउँदो आप्रावासी नीति तयार पार्न सबै पक्षको एकिकृत भेला आयोजना गरी सर्बमान्य आप्रवासन तथा श्रमिक नीति तयार पार्ने ।

ज. संयुक्त राष्ट्रासंघले निर्धारण गरेका अन्तर्राष्ट्रिय श्रम कानुत तथा आप्रावासी नीतिका आधारमा एजेन्डाहरु उठाउने तथा कार्यन्वयनका लागि पहल गर्ने ।

झ. अन्तर्राष्ट्रिय आप्रवासन दिवसमा कार्यक्रम आयोजना गर्ने ।

ञ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

ट. समितिको प्रतिवेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

ठ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।

ड. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ढ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचार संहिताको पालना गर्ने ।

ण. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

त. अन्य श्रमिक संबन्धि कार्यहरु श्रमिक कल्याकारी कोषमा ब्यवस्था भए अनुसार कार्य गर्ने ।

**५. प्रचार प्रसार तथा जनसम्पर्क समिति**

क. पत्रकार तथा पत्रकारिता क्षेत्रसंग आवद्ध ब्यवसायी तथा पेशाकर्मीको लगत विवरण राख्ने ।

ख. एनसीसीका गतिविधिलाई अनलाईनमा अपडेट गर्ने तथा प्रचार प्रसार एवं प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

ग. एनसीसीका सम्पूर्ण गतिविधिलाई लिपिबद्ध गरी मासिक न्युजलेटर डिजाइन गरी सबै सम्वन्धित निकायसम्म मास मेलिगंको कार्य गर्ने ।

घ. विकास र परिवर्तनका लागि कलम चलाउने उत्कृष्ट पत्रकारलाई सम्मान गर्ने प्रणालीको विकास गर्ने उत्कृष्ट पत्रकारलाई नगद पुरस्कार घोषणा गरी त्यसलाई सफल पार्न कार्य प्रारम्भ गर्ने ।

ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

च. समितिको प्रतिवेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय समन्वय परिषदमा प्रस्तुत गर्ने ।

ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

झ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

ञ. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

**६. सुरक्षा तथा जनचेतना अभिवृद्धि समिति**

क. श्रमिकहरुको हितमा सुरक्षा तथा सचेतना कार्यक्रमहरुको तय गर्ने ।

ख. सबै सदस्यहरुलाई नियमित रुपमा आत्म सुरक्षा सम्वन्धी तालिम दिने ।

ग. ट्राफिक, कतारको निति नियम र कानुन स्वास्थ्य तथा खानपिन सम्वन्धी चेतनामूलक तालिम संचालन गर्ने

घ. सदस्यको ज्यानको सुरक्षा तथा भैपरी आउने कामको लागि भाईवर सेवा, अनलाईन लाईभ च्याट सेवा तथा निरन्तर इमेल सेवा लगायतका गतिविधि सञ्चालन गर्ने ।

ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयागरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

च. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।

ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

झ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचार संहिताको पालना गर्ने ।

ञ. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

## ७. कला तथा संस्कृति समिति

क. विशिष्ट कलाकारको अगुवाईमा समाज विकासका लागि अन्तराष्ट्रिय स्तरका सांस्कृतिक कार्यक्रम आयोजना गर्ने ।

ख. विभिन्न गायन, नृत्य तथा बाद्यबादनमा अभिरुचिका लागि तालिम कार्यक्रमहरु संचालन गर्ने।

ग. विभिन्न स्तरका प्रतियोगिताहरु जस्तो गायन, नृत्य, बाद्यवादन, कतार तारा लगायका कार्यक्रमहरु संचालन गर्ने ।

घ. स्वदेश प्रेम र विकासलाई प्रवर्धन गर्ने किसिमका गीतहरु तयार पारी अथवा पार्न लगाई अडियो भिडियो एल्बम प्रकाशन गर्ने ।

ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

च. समितिको प्रतिवेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।

ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ज. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

ञ. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

ट. कतारमा स्थापित सांस्कृतिक संस्थाहरु संग सुसम्बन्ध राखि सहकार्य गर्ने

## ८. आर्थिक समिति

क. राष्ट्रिय समन्वय परिषदको आर्थिक हिसाव कितावलाई पारदर्शि हिसावले रेकर्ड अद्यावधिक राख्ने ।

ख. राष्ट्रिय समन्वय परिषदको आर्थिक वृद्धिको लागि रचनात्मक कार्यक्रमहरुको कार्ययोजना वनाई कार्यसमितिमा पेश गरी सञ्चालन गर्ने ।

ग. संस्थामा खर्च भएका विल भर्पाईहरु सुरक्षित राख्ने ।

घ. संस्थालाई श्रमिक मैत्री वनाउनका लागि श्रमिकहरुको प्रत्यक्ष हित हुने किसिमका कार्ययोजना निर्माण गरी कार्यसमितिमा पेश गरी सञ्चालन गर्ने ।

ङ. संस्थाको वार्षिक भेलामा आर्थिक प्रतिवेदन तयार पारी लेखा परिक्षण गराई भेलामा प्रस्तुत गर्ने ।

च. समितिको प्रतिवेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

छ. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ज. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।
झ. कार्ययोजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।
ञ. अन्य केही भए आर्थिक नियमावली २०१७ अनुसार कार्य गर्ने ।

**९. खेलकुद तथा अतिरिक्त क्रियाकलाप समिति**

क. खेलकुदको बर्गीकरण गरी विश्व प्रसिद्ध खेलहरु (जस्तैः फुटवल, क्रिकेट, भलिवल ब्याटमिन्टन, टेबल टेनिस आदि ) का लागि आबश्यक टोली तयार पार्ने ।
ख. टोलीलाई नियमित तालिम तथा प्रशिक्षण दिने बातावरण तयार पार्ने ।
ग. विभिन्न प्रतिस्पर्धामा टोलीलाई परिचालन गरी विजयी बनाउने गरी अगाडि बढाउने ।
घ. खेलकुद प्रतिस्पर्धाको आयोजना गर्न **कतार खेलकुद महोत्सव** आयोजना गर्ने ।
ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरी कार्यसमितिको बैठकमा पेश गर्ने ।
च. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।
छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।
ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।
झ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।
ञ. कार्ययोजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।
ट. कतारमा स्थापित संघ संस्थाहरु संग सुसम्बन्ध राखि सहकार्य गर्ने ।

**१०. साहित्य तथा प्रकाशन समिति**

क. मासिक साहित्यिक भेला राखी ब्यक्तिगत रचनाहरु प्रस्तुत गर्ने ।
ख. प्रस्तुत रचनालाई अनलाइन संस्करणमा तथा प्रिन्ट संस्करणहरुमा विकास गर्ने ।
ग. बार्षिक रुपमा उत्कृष्ट सर्जक छनौट गरी पुरस्कारको ब्यवस्था गर्ने ।
घ. कतारमा अन्तर्राष्ट्रिय बार्षिक साहित्यिक महोत्सवको आयोजना गर्ने ।
ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरी कार्यसमितिको बैठकमा पेश गर्ने ।
च. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।
छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।
ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।
झ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।
ञ. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।
ट. कतारमा स्थापित साहित्यक संस्थाहरु संग सुसम्बन्ध राखि सहकार्य गर्ने

**११. सामुहिक लगानी, पर्यटन तथा ब्यापार प्रबर्द्धन समिति**

१. सामुहिक लगानी
क. हाइड्रो, कृषि, प्रविधि र पर्यटनलाइ मुख्य एजेन्डा राखी विज्ञहरुको उपसमितिहरु तयार पार्ने ।
ख. हरेक उपसमितिले नेपाली आत्मनिर्भर बनाउन आवश्यक लगानी तथा जनशक्तिको योजना तयार पार्ने ।

ग. श्रमिकहरुलाई सामुहिक बचत गरि सामुहिक लगानि गर्नको लागि कार्यक्रमहरु तयार गरि ब्यवस्थापन गर्ने

घ. नेपाल सरकार संग समन्वय राखी लघु मध्यम तथा ठूला स्तरका परियोजनाहरु संचालन गर्न प्राथमिकताका आधारमा पूँजी निर्माण संकलन तथा लगानी गर्ने कार्यमा अग्रसर रहने ।

ङ. दैनिक उपभोग्य सामाग्रिहरुलाई सञ्चय तथा ब्यवस्थापन गर्नको लागि सुपरमार्केट वा वेयर हाउस जस्ता परियोजनाहरुलाई नेपालको शहरहरुमा विस्तार गर्नको लागि स्थलगत प्रतिबेदन तयार गर्ने ।

च. कतारमा कार्यरत ब्यवसायीहरु संग सामूहिक छलफल गरी सामुहिक लगानिको अवधारणा ल्याई लगानीकर्ताहरलाई सहभागिता गराउने ।

छ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरी कार्यसमितिको बैठकमा पेश गर्ने ।

ज. समितिको प्रतिवेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने।

झ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।

ञ. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

ट. राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

ठ. कार्ययोजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

**२. पर्यटनः**

क. नेपाल कतार पर्यटन समन्वय गर्ने एउटा प्रभावकारी समन्वय समिति तयार गर्ने ।

ख. कतारी पर्यटकलाई लक्षित गरी नेपालमा पर्यटक भित्राउन एउटा गुरु योजना तयार पार्ने ।

ग. नेपालका होटल तथा रुटहरुमा लगानी बढाई कतारी संस्कृति तथा खानाका परिकारहरु तयार गर्ने तथा नेपाली चिनोहरु आदान प्रदान गर्ने ब्यवसायिक योजना तयार पारी प्रभावकारी कार्यक्रम संचालन गर्ने ।

घ. नेपाली स्थानीय उत्पादन तथा संस्कृतिसंग जोडिएका उत्पादनको कतारमा प्रचार प्रसार तथा विक्री वितरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

ङ प्रवासमा नेपाल र नेपालीको पहिचानलाई प्रवर्धन गर्न विशेष कार्ययोजना निर्माण गरी प्रवर्धन गर्न पहल गर्ने।

**३. ब्यापार प्रवर्द्धनः**

क. कतारमा रहेका नेपाली ब्यावसायिहरुलाई एकिकृत गराउनको लागि पहल गर्ने ।

ख. कतार तथा नेपालमा ब्यापार ब्यवसाय सञ्चालन गर्न सकिने विशेष क्षेत्रको खोजीका लागि एउटा अनुसन्धान कार्यक्रम संचालन गर्ने ।

ग. आवश्यक्ता र मुनाफाको आधारमा ब्यवसायिक लगानीको आधार तयार पार्न लगानी निर्देशिका तयार पार्ने ।

घ. सामुहिक लगानी तथा सामुहिक फाईदाको अवधारणालाई आत्मासात गरी नेपाली उत्पादनलाई विश्वबजारमा पुऱ्याउन कतार स्थित ब्यवसायिक कम्पनी तथा नेपाली उत्पादक संग समन्वय कायम गरी नव ब्यवसायिको प्रवर्धन तथा मद्दत गर्ने ।

ङ. कतारमा नेपाली मिनि मार्केट विकास गरी नेपाली उत्पादनको मात्र नियमित बजार लगाउने योजना सफल बनाउने ।

च. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।

छ. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।

ज. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।
झ. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।
ञ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।
ट. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

**१२ स्वंसेवक तथा अतिथि सत्कार व्यवस्थापन समिति**

**१. स्वंसेवक व्यवस्थापन**

क. स्वयम् सेवक स्मार्ट कार्ड प्रणाली विकास गर्ने ।
ख. स्वयम् सेवक पोसाक तथा अनुशासन तालिम संचालन गर्ने ।
ग. कार्यक्रम सञ्चालन तथा नियन्त्रण कार्यका लागि तैनाथ रहने ।
घ. मासिक एक एक वटा सिर्जनशील सामाजिक कार्य गर्दै जाने ।
ङ. समितिको सदस्यहरुलाई कृयशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रश्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।
च. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।
छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।
ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।
झ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।
ञ. कार्ययोजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

**ख. अतिथि सत्कार व्यवस्थापन**

क. कतारमा हुने विभिन्न कार्यक्रमहरुलाई भब्य र प्रभावकारी बनाउनको लागि समितिलाई सकृय बनाउनका लागि कार्ययोजनाहरु तय गर्ने ।
ख. सत्कारको लागि नेपाली मौलिक उत्पादनलाई अनिवार्य गर्ने नियम शुरुआत गर्ने ।
ग. नियमित कार्यक्रममा अतिथि सत्कारका विभिन्न स्वरुप तथा सिर्जनशीलताका नमुनाहरु विकास गर्ने ।
घ. एनसीसीले आयोजना गर्ने कार्यक्रमहरुको मञ्च तथा ब्यानर एवं सजि सजावटको लागि आवश्यक व्यवस्थापन गर्ने ।
ङ. समितिको सदस्यहरुलाई कृयाशिल बनाउनको लागि समय समयमा बैठक बोलाई योजनाहरुलाई प्रस्तावको रुपमा तयार गरि कार्यसमितिको बैठकमा पेश गर्ने ।
च. समितिको प्रतिबेदन कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने र अध्यक्ष/महासचिवलाई हस्तान्तरण गर्ने ।
छ. समितिको विविध गतिविधिहरुलाई राष्ट्रिय परिषद भेलामा प्रस्तुत गर्ने ।
ज. विधानमा उल्लेखित तथा कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।
झ. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचार संहिताको पालना गर्ने ।
ञ. कार्य योजनाहरुलाई कार्यन्वयन गर्न र गराउनको लागि एनसिसि कतारका मातहतमा रहेका विभाग र समितिहरु संग समन्वय र सहकार्य गर्ने ।

......समाप्त......

गैर आवासीय नेपाली संघ NRNA NCC QATAR 2003 FOR NEPALI BY NEPALI Non-Resident Nepali Association